# प्रतिनिधि सभा सदस्य समानुपातिक निर्वाचन (चौथो संशोधन) निर्देशिका, २०७४

निर्वाचन आयोगबाट स्वीकृत मिति : २०७४।१०।१७

प्रतिनिधि सभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७४ लाई संशोधन गर्नु वाञ्छनीय भएकोले,

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ८० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो निर्देशिका बनाई लागू गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस निर्देशिकाको नाम "प्रतिनिधि सभा सदस्य समानुपातिक निर्वाचन (चौथो संशोधन) निर्देशिका, २०७४" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. प्रतिनिधि सभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७४ को दफा ३४ मा संशोधन : प्रतिनिधि सभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७४ (यसपछि "मूल निर्देशिका" भनिएको) को दफा ३४ को उपदफा (१) मा रहेका "सात दिनभित्र" भन्ने शब्दहरुको सट्टा "तीन दिनभित्र" भन्ने शब्दहरु राखिएका छन् ।

३. मूल निर्देशिकाको दफा ३५ मा संशोधन : मूल निर्देशिकाको दफा ३५ को उपदफा (१) र (२) मा रहेका "तीन दिनभित्र" भन्ने शब्दहरुको सट्टा "दुई दिनभित्र" भन्ने शब्दहरु राखिएका छन् ।